बैठक संख्या -१ (एक)

आज मिति २०८२ साल श्रावण ०५ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री बाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाईं<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

<u>छलफलका विषयहरु:</u>

१. चालु आर्थिक वर्ष २०८२/०८३ का योजनाहरुको व्यवस्थापन सम्बन्धमा ।

(लवश्री न्यौपाने)

प्रमुख

CamScanner

निर्णय नं. १

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

जिल्ला दररेट निर्धारण समिति रामेछापबाट आ.व.०८२/०८३ को लागि स्वीकृत भएको जिल्ला दररेट अनुमोदन गरी सोही अनुसार स्वीकृत आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ३

रामेछाप नगरपालिकाको चालु आ.व.२०८२/०८३ को लागि स्वीकृत आयोजना र कार्यक्रमहरु कार्यान्वयनका लागि प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा निरीक्षण गरी प्राविधिक स्पेसिफिकेशन, ड्रइङ, डिजाईन र लागत अनुमान यथासिघ्र तयार गरी देहाय बमोजिम आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

क) पछि प्राप्त हुने आयोजना र कार्यक्रमहरु बाहेक टोल विकास संस्था, उपभोक्ता समिति वा दर्तावाला संघ/संस्थाबाट संञ्चालन हुने आयोजना र कार्यक्रमहरु सञ्चालनका लागि विशेष परिस्थिति बाहेक २०८२ साल असोज मसान्त भित्र अनिवार्य रुपमा आयोजना सम्झौता गरी कार्यान्वयन गर्ने र त्यस पछि नगरपालिकाबाट आयोजना सम्झौता नगर्ने ।

ख) ठेक्का मार्फत सञ्चालन हुने आयोजनाहरुको हकमा २०८२ साल भाद्र १५ गते भित्र आवश्यक प्रक्रिया पुरा गरी अनिवार्य रुपमा ठेक्का व्यवस्थापनका लागि सूचना प्रकाशन गरिसक्ने।

ग) नगरपालिका आफैले सञ्चालन गर्ने आयोजना, कार्यक्रम तथा अन्य कार्यहरु प्रचलित कानूनको अधिनमा रही यथासिघ्र सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. ४

रामेछाप नगरपालिकाले गत आं.व.२०८१/०८२ देखि नगरगौरवको आयोजनाको रुपमा क्रमागत रुपमा सञ्चालन गर्दै आएको वडा नं.६ को लामसाङडाँडामा बुद्ध मुर्ति स्थापना तथा पार्क निर्माण कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम कार्य गर्न बजेट अभाव भएकोले अपुग हुने बजेट व्यवस्थापनको लागि सहयोग र सहजिकरण गरिदिन नेपाल नगरपालिका संघ लगायत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

| | |
|---|---|
| ......................... | ......................... |
| भोलाप्रसाद चपागांई | लवश्री न्यौपाने |
| प्रमुख प्रशासकीय अधिकृत | प्रमुख |